लोक सेवा आयोग

निक्षेप तथा कर्जा सुरक्षण कोष, प्रशासन, छैटौं, सहायक अधिकृत पदको आन्तरिक तथा खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८१।०६।१५

पत्र : प्रथम

समय : २ घण्टा १५ मिनेट

पूर्णाङ्क : १००

विषय : सामान्य ज्ञान, अभिरूचि परीक्षण र अंग्रेजी तथा संस्थागत ज्ञान

---

**विषयगत** **समय : १ घण्टा ३० मिनेट**

**अङ्क : ५०**

१. निक्षेप सुरक्षणको अवधारणा चर्चा गर्दै यसका सिद्धान्तहरू संक्षेपमा वर्णन गर्नुहोस् । २+३=५

२. लगानी जोखिम भन्नाले के बुझिन्छ? निक्षेप तथा कर्जा सुरक्षण कोषको लगानी विस्तार गर्न के-कस्ता जोखिमहरू रहेका छन्? चर्चा गर्नुहोस् । २+३=५

३. नेपालको संविधानमा महालेखापरीक्षकले कुन कुन र कस्ता प्रकृतिका कार्यालयको लेखापरीक्षण गर्ने व्यवस्था गरिएको छ? उल्लेख गर्नुहोस् । ५

४. अर्थतन्त्रमा पूँजी बजारको महत्त्वमाथि प्रकाश पार्दै नेपालको पूँजी बजारको अवस्था विश्लेषण गर्नुहोस् । २+३=५

५. सहकारी संस्थाको मुल मान्यता उल्लेख गर्दै यसमा देखिएका प्रमुख समस्या समाधानका लागि सुझाव दिनुहोस् । २+३=५

६. आर्थिक उदारीकरणले नेपालको बैंक तथा वित्तीय क्षेत्रमा पारेको सकारात्मक प्रभाव चर्चा गर्नुहोस् । ५

७. निक्षेप तथा कर्जा सुरक्षण कोषले के-कस्ता कर्जा सुरक्षणका कार्यक्रम सञ्चालन गरेको छ? संक्षिप्तमा जानकारी गराउँदै कर्जा सुरक्षणको माध्यमबाट कोषले देशको अर्थतन्त्रमा के-कस्तो योगदान पुऱ्याउन सक्दछ? विवेचना गर्नुहोस् । ५+५=१०

८. घाटा बजेटको सैद्धान्तिक अवधारणा चर्चा गर्दै नेपालको बजेट तर्जुमा प्रक्रियामा यसको महत्त्वमाथि प्रकाश पार्नुहोस् । ५+५=१०

:: समाप्त ::